प्रेस विज्ञप्ती

निर्वाचन पर्यवेक्षण समिति नेपाल(इओसि—नेपाल) को आयोजनामा आज मिति १२ मंसीर २०७८ आईतवार का दिन नयाँवानेश्वरस्थित अल्फविटाको सभाहलमा ईओसी नेपालको अध्यक्ष प्रदीप पोखरेलको सभापतित्व तथा पूर्वनिर्वाचन प्रमुख आयुक्त अयोधिप्रसाद यादवको प्रमुख आतिथ्यत्यमा "निर्वाचनसँग सम्बन्धित समसामयिक विषयहरुको अन्तरक्रिया श्रृखंला अन्तर्गत "निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग, विदेशमा रहेका नेपालीहरुलाई मतदानको अधिकार र निर्वाचन शिक्षाको प्रभावकारिता" विषयमा अन्तर्कृया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यकममा प्रमुखरुपमा तीन विषयहरु–ईलोक्ट्रोनिक भोटिङ मेसिनको प्रयोग, विदेशस्थित नेपाली नागरिकहरुको मतदान, र मतदान शिक्षालाई प्राथमिताकासाथ यिनीहरुको प्रयोग र प्रभावकारिको विषयमा कानूनी, प्रकयागत तथा तकनिकी चुनौति एवम् अवसरहरुको विषयमा व्यापक छलफल गरियो ।

सम्वोधन गर्नुहुँदै पूर्वप्रमुख निर्वाचन आयुक्तले विषयगत प्रस्तुति पेश गर्नुहुँदै Electoral Education र Voters' education फरक विषय भएको विचार राख्नु हुँदै Electoral education लाई निरन्तरता दिनुपर्ने विचार राख्नु भयो । साथै विद्युतीय मतदान र प्रवासी नेपालीलाई मतदान अधिकारको विषयमा तकनिकी समश्या रहेको व्यहोरा दर्शाउनु भयो ।

उक्त कार्यक्रममा अन्य सहभागी वक्ताहरुले निर्वाचनमा विद्युतीय यन्त्रबाट गरिने मतदानको सर्वस्विकार्यतामा प्राविधिक एवं कानुनि जटिलता छ भन्ने विचार व्यक्त गर्नु भयो साथै विदेशमा काम विषेशले गएका नेपाली मतदाताहरुको मतदानको अधिकार आधारभूत नागरिक अधिकारवाट वञ्चित गर्न नमिल्ने भएकोले राज्यले उनीहरुको मताधिकार सुरक्षित गर्नको लागि आवश्यक पर्ने कानूनी एवम् प्रकृयागत संयन्त्रहरु तयार गर्न पर्ने विषयलाई जोडदाररुपमा उठाउनु भएका थिए ।

प्राय सबै सहभागिहरुले गत निर्वाचनमा मतदाता शिक्षाको लागि निर्वाचन आयोगले गरेको अरबौं खर्चको उपायदेयताको सम्बन्धमा प्रश्न गर्दै औसतमा १७% निर्वाचन मत बदर हुनु भनेको निर्वाचन शिक्षा प्रभावकारी नभएको सन्देश हो भन्ने धारणा राखे ।

निर्वाचन पद्धति र प्रकृयाका सम्वन्धमा उठेका जटिल प्रश्नहरुको सम्वोधन गर्ने उद्धेश्यले ईओसी नेपालले यस किसिमको कार्यक्रमलाई निरन्तरता दिने भएको छ ।

मितिः १२ मंसीर २०७८

निर्वाचन पर्यवेक्षण समिति नेपाल
वुद्धनगर ।